दैनिक
लुम्बिनी
दिनभरी लोकप्रिय निष्पक्ष एवम्‌ स्वतन्त्र दैनिक

विपद्

लुम्बिनी प्रदेशमा २३ जनाको मृत्यु

अहेबको लाप्चाँडीले बालिकाको मृत्यु

दुर्घटनामा एकको मृत्यु

सिद्धार्थनगर पूर्ण संस्थागत प्रसूति सेवायुक्त पालिका



सम्पादकीय

लगानीकर्ताको मनोबल उकास्नुपर्छ

अर्थतन्त्रमा मन्दी भएपछि चौतर्फी समस्या बढिरहेको छ। आर्थिक गतिविधि सुस्त हुँदा समाजमा निराशा बढ्दो छ। यही बेला नेपाल राष्ट्र बैंकले अर्थतन्त्र सहज बन्दै गएको बताएर केही सकारात्मक संकेतहरु सार्वजनिक गरेको छ। रेमिट्यान्समा उल्लेख्य वृद्धि र कर्जा प्रवाहमा हुन थालेको वृद्धिसँगै अन्य सूचकहरु सकारात्मक बन्दा अर्थतन्त्र चलायमान हुन थालेको तथ्याङ्क सार्वजनिक भएको छ। राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्याङ्कले अर्थतन्त्र लयमा फर्कन थालेको बताए पनि व्यवहारमा समस्या बग्रेल्ती छन्। ती समस्या समाधानका लागि राजनैतिक नेतृत्वले चलाखीपूर्वक अर्थतन्त्रलाई लयमा ल्याउन सक्नुपर्छ।

यो वर्षको ११ महिनामा आयात, निर्यात र कुल वस्तु व्यापारघाटा गत वर्षको तुलनामा उल्लेख्य घट्दा ४ खर्ब २५ अर्ब ६७ करोड रुपैयाँ शोधनान्तर बचतमा देखिनु, कुल विनिमय सञ्चिति १९ खर्ब ६७ अर्ब रुपैयाँ पुग्नुलाई सकारात्मक मान्नुपर्छ। आयात घट्नुको कारण उपभोग क्षमता घटेर हो। अर्कोतिर उपभोग गर्ने युवा जनशक्ति विदेश पलायन पनि हो। रोजगारी, अध्ययनका लागि भइरहेको युवा पलायनले उपभोग घट्दा आयात घटेको तथ्याङ्क झट्ट हेर्दा सकारात्मक देखिए पनि उपभोग घट्नु अर्थतन्त्र चलायमान हुन बाधक छ। यो अवधिमा आयात मात्रै घटेन, निर्यात पनि घट्यो कुल वस्तु निर्यात ३ प्रतिशतले घटेको छ। हाम्रो उत्पादन क्षमता घट्यो, हाम्रो उत्पादनले बजार पाएन्। ११ महिनामा नेपालमा १३ खर्ब २७ अर्ब ५१ करोड रुपैयाँ बराबरको रेमिट्यान्स भित्रिएको छ। समीक्षा अवधिमा विप्रेषण आप्रवाह १९.३ प्रतिशतले वृद्धि भएको देखिन्छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २२.७ प्रतिशतले बढेको तथ्याङ्क छ। दुई तथ्याङ्क हेर्दा वृद्धिदर घटेको छ। यो अवधिमा चालू खाता २ अर्ब ३९ करोडले बचतमा रहेको हो। कर्जा प्रवाह चालू आवको जेठ मसान्तसम्म ५ प्रतिशतले बढेकोले आर्थिक गतिविधिले लय समात्न थालेको बुझ्न सकिन्छ।

अब समाजमा बढ्दो निराशालाई चिर्न र व्यवसायीको मनोबल उकास्न राज्यले उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने वातावरण बनाउनुपर्छ। लगानीको वातावरण बनाउन सक्दा अर्थतन्त्र चलायमान हुन्छ। लगानीको जोखिमको त्रास अझै कायमै छ। बैंक ब्याज ऋण लिएपछि अत्याधिक बढेकाले आगामी दिनमा लगानी सुरक्षित हुन्छ भन्ने विश्वास पलाउन सकिरहेको छैन। सरकारले समग्रमा खलबलिएको अर्थतन्त्रलाई लयमा ल्याउन गर्नुपर्ने नीतिगत सुधारका निर्णय गरी कार्यान्वयनमा जानुपर्छ। नयाँ बन्ने सरकारको प्राथमिकता आर्थिक सुधारको बाटो हुनुपर्छ।

पुँजी बजार सुधार्न साक्षरता अभियान

अमरसी अधिकारी

लगानीकर्ताबीच पुँजी बजारसम्बन्धी साक्षरताको विकास गरी सम्भाव्य लगानीकर्ता समेटन सकिएको देखिँदैन। नेपालमा पुँजी बजार विस्तारसँगै यो बजारबाट थोरै लगानीकर्ताले मात्रै नाफा कमाउन सकेका छन्। थोरै लगानीकर्ताले छोटो अवधिमा आफ्नो लगानी गुमाइरहेको देखिएकाले साक्षरता बनाउनु पर्छ। धितोपत्र तथा वस्तु विनिमय बजारलाई पहुँचयोग्य, विश्वसनीय र स्वच्छ बनाउन सक्नु पर्छ। सबल गतिशील र विश्वसनीय धितोपत्र तथा वस्तु विनिमय बजारको विकासमार्फत लगानी, आकर्षित गर्ने लक्ष्यका साथ अगाडि बढ्नु आवश्यक छ।

विसं २०७३ देखि नेपालमा पुँजी बजारको संस्थागत विकासको प्रारम्भ भएको हो। अहिलेसम्म पुँजी बजारले अपेक्षित रुपमा उपलब्धि हासिल गर्न सकेको छैन। अर्थात् विकसित मुलुकको पुँजी बजारको तुलनामा हामी धेरै पछि छौं। पुँजी बजारसम्बन्धी ज्ञानको कमीले हामीकहाँ सेयर किनेपछि धेर्ने गर्नेभन्दा पनि बेच्न हतारिने गरेकी। सायद हामीकहाँ व्यक्तिगत लगानीकर्ता धेरै भएका कारण पनि यस्तो अवस्था सिर्जना भएको हुन सक्छ।

संस्थागत लगानीकर्ता बढी भएमा यस्तो अवस्था आउँदैन। यसका लागि पुँजी बजारसम्बन्धी सचेतना जगाउनका लागि कहाँ लगानी गर्ने ? कति लगानी गर्ने ? कहिले लगानी गर्ने ? किन लगानी गर्ने ? कसरी लगानी गर्ने ? जस्ता विषयमा पुँजी बजारसम्बन्धी साक्षरता दिनु आवश्यक छ।

अधिकांश लगानीकर्ताहरु बजारको विश्लेषण गर्ने क्षमता र सीपको विकास भइसकेको छैन। साना व्यवसायी, सेयरधनी तथा पुँजीपति उद्यमी (भेन्चर क्यापिटलिस्ट) जस्ता निजी लगानीकर्ताले पुँजी बजारप्रति आफ्नो रुख हालेर जोखिम मोलेका छन्। लगानीकर्ताले कहिलेकाहीं गल्ती गर्छन्, कहिलेकाहीं उनीहरुले लगानी गरेका परियोजना घाटामा जान्छन्। यस्तो अवस्थामा सेयर बजार सम्बन्धी जनचेतनामूलक कार्यक्रम, तालिम, सेमिनार तथा साक्षरता बनाउनु आवश्यक छ। पुँजी बजारसम्बन्धी साक्षरता दिँदा लगानीकर्तालाई के सिकाउनु पर्छ भन्ने कुरै व्यक्तिले तात्कालिक नतिजा मात्र नहेरेर दीर्घकालीन नतिजा पनि हेर्नु पर्छ।

पछिल्लो समय लगानीकर्ताले चाहेको समयमा खरिद बिक्री गर्न सक्ने भएको हुँदा माना बचतकर्तादेखि ठूला लगानीकर्ताको लगानी पुँजीप्रति आकर्षित भएको पाइन्छ। अर्थात्, अम्मा १० किता सेयर लिएर कमिसे लगानी गै त बढाउने होइन। यसले सर्वसाधारणका लागि जारी गरिएको १० किता सेयरले गर्दा रोजगारबाट वञ्चित भएका, विद्यार्थी वर्ग र न्यून आय भएका वर्गलाई निकै फाइदा पुगेको छ।

सूचना प्रविधि र आइएमएस प्रणालीलाई धारणा र सबैको पहुँचमा पुऱ्याउन सकेमा गाउँका कुनाकाप्चादेखि विदेशमा बस्नेसमेत पुँजी बजारमा सजिले सहभागी हुन सक्छन्। पुँजी बजारको विकास र विस्तारले गर्दा गाउँका कुना कन्दरामा गएर पुँजी बजारको गतिविधिबाट देशमा बचत तथा लगानीले धन बढ्न गई उत्पादकत्व पनि बढ्छ। जसले गर्दा एकातिर आर्थिक क्रियाकलापको विकास हुन्छ भने अर्कोतिर उद्योग, व्यापार र कृषि क्षेत्रमा प्रगतिका लहर आउँछन्।

लगानीकर्ताको क्षमता विस्तार गर्न नेपाल धितोपत्र बोर्ड (सेबोन) ले दुईवटा इन्टिच्युट स्थापना गरी स्थानीय तह, प्रदेशमा समेत वित्तीय साक्षरता तालिम दिनु पर्छ। सेबोन, नेप्से र ब्रोकरले पाउने बोकर कमिसनसहित अन्य लागत पनि घटाउनु जरुरी छ। किनभने लगानीकर्तालाई बजारप्रति आकर्षण र पहुँच विस्तार गर्न सजिलो हुन्छ। नेप्सेको सुधार गरेर पुँजी बजारको आधुनिक विकास र विस्तार गर्नुपर्ने देखिन्छ। निजी क्षेत्रमा नयाँ स्टक एक्सचेन्ज ल्याउन सक्नु पर्छ। नेप्से र ब्रोकरको सिडिएसलगायतका सरोकारवालाको क्षमता अभिवृद्धि गर्नु आवश्यक छ।

नेपालको पुँजी बजार बढ्दो छ। अब यो बजारलाई माथि उकास्न धेरै सुधारका काम गर्नु आवश्यक छ। पुँजी बजारको तिर्खे विकास विस्तारका लागि आवश्यक पूर्वाधारको लक्ष्यसाथ साथै पुँजी बजारको सुधार प्रक्रियालाई नयाँ मोडेल अनुसार नेतृत्व गर्न सक्नु पर्छ। पुँजी बजारलाई दीर्घकालीन वा स्थायी प्रकृतिको बनाउन बजारको उपकरण पनि पर्याप्त, भरपर्दो, प्रविधिमैत्री र सुदृढ गर्दै लैजानु पर्छ। जसले गर्दा पुँजी बजारमा स्थायित्व छ भन्ने सन्देश जाने छ। नियामक निकाय र बजार सहभागीको साक्षरता क्षमता अभिवृद्धि सबल बनाउनु पर्छ। यदि नियामक निकाय र सरकारको पुँजी बजारसम्बन्धी स्थिर नीति र नियमन हुनु बनाउनु पर्छ। कोही व्यक्ति कुनै पदमा रहनु वा नरहनुले पुँजी बजार प्रभावित हुनु हुँदैन।

नेपाली जनतालाई पहिला पुँजी बजारबारे बुझाउन, अभ्यास र साक्षरता गराउन त्यादै कठिन थियो। अहिले प्रविधिको परिवर्तनले यसलाई सजिलो बनाएको छ। यसका लागि संस्था तथा नियामक निकायले ऐन, नियम र कानुन समयसापेक्ष बनाउनु पर्छ। बढ्दो लगानीकर्ता र भिन्नैखे प्रविधिको विकाससँगै अन्तर्राष्ट्रिय स्तरमा भएको अभ्यासलाई सूक्ष्म रुपले अध्ययन गर्नु पर्छ। पुँजी बजारबारे साक्षरता तथा नियमित सूचना प्रवाह गरी लगानीकर्तालाई ज्ञान अभिवृद्धि गर्न नियामक निकाय निरन्तर लाग्नु पर्छ।

नेपालको पुँजी बजार अरिवर छ भन्ने गुनासो व्यापक सुनिन्छ। यसले भर्खरै बजारमा प्रवेश गरेका लगानीकर्तालाई निरुत्साहित बनाउने काम गरेको देखिन्छ। लगानी उठ्दा बित्तिकै नउठ्दा भनेर लगानीकर्तालाई भयभीत र चिन्तित बनाउने काम भएको छ। यी विविध समस्याका कारण यस क्षेत्रमा लगानीकर्ताको दृष्टिकोण नै परिवर्तन गर्नका लागि साक्षरता अभियान नै चलाउनु पर्ने देखिन्छ। यस्ते लगानीकर्तालै समग्रमा प्रतिफल पाउन सक्ने कुनै म्यारेन्टी दिन सकेका कम्पनीलाई कारबाहीको दायरामा ल्याउन सक्नु पर्छ। कुनै पनि पोर्टफोलियो नै नाफामा रहेको हुन्छ। यसैले पुँजी बजारमा सूचीकृत कम्पनीको मूल्य देखाउने गरेको पछिल्लो समय देखिन्छ। पुँजी बजारमा रहेका यस्ता समस्यालाई पनि समाधान गर्नुपर्ने देखिन्छ। विश्वका सुदृढ पुँजी बजारमा अपनाइने प्रविधिलाई हाम्रो मुलुकमा ल्याई इन्टरनेटमा आधारित कारोबार गर्ने जटिलबाट छिटो पूर्ण स्वचालित व्यापार प्रणाली सञ्चालन गर्नु आवश्यक देखिन्छ। पुँजी बजारको विकास विस्तारका लागि धितोपत्र बोर्ड, नेप्सेलाई समयसापेक्ष विकास गर्दै लैजानु आवश्यक छ। पुँजी बजार विस्तारका लागि प्रविधि ग्राही भएमा बजारमा देखिएका धेरै समस्या समाधान सहजै सकिन्छ।

सूचना प्रविधियुक्त बजार विस्तार भएको र संस्थाको गरिमा बढेमा मात्र लगानीकर्ताको विश्वास बढ्न सक्छ। नेपालमा अनलाइन सिस्टम भर्खेर सुरु हुँदैछ। यसलाई पूर्णरुपमा विकास गर्न सकेमा पुँजी बजार जहाँसुकैबाट पनि कारोबार गर्न सकिन्छ। बेढ्ढ एकाउन्ट, डिम्याट एकाउन्टसँग इन्टिग्रेट र रियल टाइममा सेटलमेन्ट गराउन सके स्वदेश वा विदेश भरिरहनु नै पर्दैन जहाँसुकैबाट पनि पुँजी बजारमा लगानी गर्न सकिन्छ। यसका लागि पुँजी बजारलाई पूर्ण आधुनिकीकरण गरी विकास गर्न नेप्सेको संरचनात्मक सुधार गर्नु अत्यावश्यक छ। पुँजी बजारमा देखिएका विविध समस्या समाधान गर्न राज्यले पुँजी बजारको निरन्तर सुधार गरी लगानीकर्ताको हित संरक्षण गर्नुपर्ने देखिन्छ। नेपालको पुँजी बजारलाई प्रतिस्पर्धात्मक रुपमा विकास गर्न सक्नु पर्छ। नेप्सेलाई पनि सुधार गर्न अर्को प्रतिस्पर्धी स्टक ल्याउने पर्छ। प्रतिस्पर्धाले गर्दा शुल्कसहितको लगानी लागत घट्ने, अन्तर्राष्ट्रिय स्तरको आधुनिक अनलाइन स्पटसेयर भिन्नुनका साथै सेयर कारोबार सहज, स्तरीय र प्रतिस्पर्धी भई यसको कारोबार परिमाण पनि उच्च हुनेछ।

लगानीकर्तामाझ पुँजी बजारसम्बन्धी साक्षरताको विकास गरी सम्भाव्य लगानीकर्ता समेटन सकिएको देखिँदैन। नेपालमा पुँजी बजार विस्तारसँगै यो बजारबाट थोरै लगानीकर्तालै मात्रै नाफा कमाउन सकेका छन्। थोरै लगानीकर्ताले छोटो अवधिमा आफ्नो लगानी गुमाइरहेको देखिएकाले साक्षरता बनाउनु पर्छ। धितोपत्र तथा वस्तु विनिमय बजारलाई पहुँचयोग्य, विश्वसनीय र स्वच्छ बनाउन सक्नु पर्छ। सबल गतिशील र विश्वसनीय धितोपत्र तथा वस्तु विनिमय बजारको विकासमार्फत लगानी, आकर्षित गर्ने लक्ष्यका साथ अगाडि बढ्नु आवश्यक छ।

धितोपत्र व्यवसायलाई थप व्यावसायिक तथा मर्यादित बनाई धितोपत्र व्यवसायी सेवालाई थप प्रतिस्पर्धी एवं विश्वसनीय बनाउन सक्नु पर्छ। धितोपत्र तथा दीर्घकालीन ऋणको सेवा विस्तार गर्दै यसलाई उदीयमान पुँजी बजारको स्तरमा वृद्धि गर्न आवश्यक छ। ओटिसी बजारलाई आधुनिकीकरण र ऋणपत्रको दोस्रो बजारलाई विकास गर्न जरुरी देखिन्छ। पुँजी बजारलाई अन्तर्राष्ट्रियकरण गर्दै नेप्सेले लागू गरेको लोकल अनलाइन प्रणालीलाई प्रभावकारी बनाउनु पर्छ। रियल सेक्टर कम्पनीलाई बजारमा प्रोत्साहन गर्ने नीति लिनु पर्छ। पुँजी बजारसम्बन्धी ज्ञान र वित्तीय साक्षरता दिन सक्नु पर्छ।

अतः धितोपत्र बोर्डको अध्यक्ष नभएकै कारण गत पुस महिनायता प्राथमिक निष्कासन (आइपीओ), थप निष्कासन प्रक्रिया (एफपीओ), ऋणपत्र, हकप्रदत्तलगायत धितोपत्रको अनुमति प्रक्रिया अवरुद्ध भएको छ। जसका कारण करिब ६० लाखभन्दा बढी लगानीकर्ताका मुद्दा अौंसेलामा परेको छ। तसर्थ सरकारले बोर्ड अध्यक्ष नियुक्त गर्न ढिलाइ गर्नु हुँदैन। गोपघाट

मुटुरोगले मात्र छाती दुख्दैन, यस्ता छन् १० कारण

डा. रन्जितकुमार शर्मा
सिनियर कन्सल्टेन्ट कार्डियोलोजिस्ट

बारम्बार वा एकासि छाती दुख्नु सामान्यदेखि गम्भीर स्वास्थ्य समस्याको कारणले हुनसक्छ। त्यसैले छातीमा कुने प्रकृतिको दुखाइ छ भने बेवास्ता गरेर बस्नुहुँदैन। कतिपयले छातीको दुखाइ हुने बित्तिकै मुटुरोग वा हृदयघात हुन लागेको सोच्छन्। हृदयघात बाहेक अन्य रोगहरू जस्तै फोक्सो, पेट, मांसपेशीको समस्या वा मुटुको वरिपरिको तहमा समस्या हुँदा पनि छाती दुख्न सक्छ। छातीमा दुखाइसँगै आउने लक्षणले मात्र कुन समस्याले दुखेको भनेर यकिन गर्न सकिन्छ।

के–कस्ता कारणले छाती दुख्छ ?

–हृदयघात

छाती दुख्ने मुख्य कारण हृदयघात हुनसक्छ। कुने कारणवश मुटुको मांसपेशीले पर्याप्त मात्रामा अक्सिजनयुक्त रगत नपाउँदा छातीको बायाँ छेऱ्मा वा पछाडामा दुखाइ महसुस हुन्छ। यससँगै छातीमा गह्रुङ्गो वस्तुले थिचेको वा राखेको, खल्खल पसिना आउने, डर लागेको जस्तो हुने र थिरतिर बायाँ हात र गिजातर्फ दुखाइ सरेका लगभग हृदयघातको लक्षण हो भन्न सकिन्छ। अनियन्त्रित उच्च रक्तचाप, धपुधेर वा मुटुरोगको कारणले यो समस्या हुनसक्छ।

हृदयघात आपतकालीन अवस्था हो। जसकारण यस्तो लक्षण देखिएमा तुरुन्तै अस्पताल जाने कदोबस्त गर्नुपर्छ।

एनजाइना

एनजाइना कुनै रोग होइन, तर यो एक प्रकारको छाती दुख्ने समस्या हो। मुटुरोगको कारण मुटुका धमनीहरु अवरुद्ध छन् तर हृदयघात भइसकेको छैन भने कडा परिश्रम गर्दा, भयाउने चढ्दा, उक्लिंदा र कडा कसरत गर्दा छाती दुख्न सक्छ।

यस्ता क्रियाकलाप हुने बित्तिकै छातीको मध्यभाग र देब्रे भागमा केही राखेको वा कुनै वस्तुले थिचेको जस्तो अनुभव हुनसक्छ। त्यो दुखाइ अन्त सरेको छैन। र, कैंचीघेर आराम गर्दा हराउँछ भने यो एनजाइना भएको बुझ्नुपर्छ। यो त्यति स्थायी होइन, तर यसले हृदयघातको चढ्दो जोखिमलाई संकेत गर्छ।

हृदयघात हुने क्रममा शतप्रतिशत धमनी अवरुद्ध हुन्छ भने एनजाइनामा ७० देखि ८० प्रतिशत धमनी अवरुद्ध भएको अवस्थामा कडा शारीरिक गतिविधि गर्दा हुनसक्छ।

यस्तो समस्या लिएर आउनेलाई ट्रेड मिल टेस्ट (टीएमटी) परीक्षण गरिन्छ। जसमा विरामीलाई कुराएर मुटुमा भार पारी कस्तो अवस्था छ भनेर हेरिन्छ। जसबाट कस्तो उपचार हुनसक्छ भनेर निर्णय लिन सकिन्छ।

मुटुको मांसपेशी सुन्निनु

कुने कारणवश मुटुको मांसपेशी सुन्निंदा छातीको बायाँतर्फ दुखन सक्छ। जुन भाइरल संक्रमणको कारणले हुनसक्छ। बायाँतर्फ दुख्ने, च्यो आउने र चिसो अनुभव यसको प्रमुख लक्षण हुन्।

ब्याक्टेरिया जहाँ पनि हुनसक्छ। यो हाम्रो शरीरमा पनि हुन्छ र हाम्रो रगतमा पनि। यदि कसैसँग मुटुसँग जोडिएको कुनै सामान्य रोग छ भने बेलाबखत रगतमा भएको ब्याक्टेरिया क्षतिग्रस्त तन्तुमा टाँसिएर बस्छ र एक किसिमको संक्रमणको कारण बन्न सक्छ।

यसलाई एन्डोकार्डाइटिस पनि भनिन्छ। जब शरीरको कुनै पनि भागबाट फोको ब्याक्टेरिया एन्डोकार्डियमसम्म पुग्छ, तब संक्रमणको कारण बन्छ।

मुटु स्वास्थ्य : ९१ भ्रम र सत्य

–एरोटिक डिसेक्सन

एरोटिक डिसेक्सन पनि हृदयघात जतिकै आपतकालीन अवस्था हो। यस्तो अवस्थामा मुटुबाट निस्कने रक्तलाई च्यातिनु हो। यसलाई एक्युट एरोटिक सिन्ड्रोम पनि भनिन्छ। जसमा छातीका बायाँ र मध्यभागमा दुखाइ धेई दाढको पछाडि सर्दै गएर खल्खल पसिना आउन सक्छ। यो दुखाइ छातीमा तीखो छुरा हानेको जस्तो हुन्छ।

यस्तो अवस्थामा तुरुन्त अस्पताल लगेर कति भाग च्यातिएको छ, त्यो भाग शल्यक्रिया गरेर सिउनुपर्ने हुन्छ। कतिपय अवस्थामा त्यसभागमा पाइप राखेर मात्र बिग्रमीलाई बचाउन सकिन्छ। यो समस्या रक्तचाप अत्यधिकमात्रा बढ्दा वा भर्नी, अनियन्त्रित हुँदा सो रक्तनली तोन्किंदै गएर च्यातिने प्रबल सम्भावना हुन्छ। त्यस्तै, केही वंशाणुगत रोग हुने व्यक्तिमा यो समस्या देखिनसक्छ।

अस्टियोकोन्ड्राइटिस

ओस्टियोकोन्ड्राइटिसको समस्या हुँदा पनि छातीमा दुखाइ हुनसक्छ। वास्तवमा त्यो दुखाइ करडको दुखाइ हो। छातीमा कड हुन्छ। करडमा कुस्कुरे हड्डी हुन्छ। यी सबैलाई मांसपेशीले ढाकेर राखेको हुन्छ।

यस्तोमा जब हामी भारी काम गर्दा, चोटपटक वा सुताइ र बसाइको पोरचर नमिल्दा छातीमा धक्को मार्नेखेरी र कराइ तान्दा वा चोट लाग्ने हुनसक्छ। यस्तोमा सियोले घोचेको जस्तो छातीमा दुख्ने र लामो सास लिने र फाले क्रममा दुखन सक्छ।

पाँटीको गेग्डण्ड खिइनु

पाँटीको पछाडि हुने हड्डी घिस्रिदा पनि छातीमा दुखाइ हुनसक्छ। जसलाई (सरघाइकल स्पोनडाइलोसिस) पनि भनिन्छ। यही गेग्डण्डबाट नै नसाहरु आउने हो। यो समस्या हुँदा हातमा करेन्ट लागेको जस्तो झम्झम्य हुने, छातीको भाग दुख्ने गर्छ।

फोक्सोमा समस्या

छातीसँगै मुटु र फोक्सो पनि रहेको हुन्छ। यस्तोमा फोक्सोमा समस्या हुँदा छाती दुखेको अनुभव हुनसक्छ। निमोनियाले फोक्सो संक्रमण गराउँदा, लगातार लामो समयसम्म खोकी, फोक्सोमा रगत जाने समस्या (पोल्मोनरी इम्बोलिजम) भएमा पनि छाती दुखन सक्छ।

पेटमा समस्या

कलिलेकाही ग्यास्ट्रिकको समस्याले पनि छाती पोल्ने र दुख्ने हुनसक्छ। हामीले खाएको खानेकुरा सुखदेखि पेटसम्म जाँदा छातीको भाग भएर जान्छ। ग्यास्ट्रिकको समस्या हुँदा पेटबाट निस्किएको आगल अन्सली हुँदै ढकारको रुपमा आउँछ। जसकारण छाती पोल्ने र दुख्ने हुन्छ। जुन उपचार र रोकथाम गरेमा निको हुन्छ। माथि उल्लेखित लक्षणभएपनि आपतकालीन अवस्था भनेको हृदयघात र एरोटिक डिसेक्सन हो। यस्तोमा तुरुन्त पहिचान र अस्पताल पुऱ्याउनुपर्छ।

त्यसैले छाती दुखेको भनेर बेवास्ता गरेर बस्नु हुँदैन। हृदयघात हुन लागेको भनेर आतिएर चुप लागेर बस्न हुँदैन। यस्तोमा नआतिकन अस्पताल जाने बन्दोबस्त गर्नुपर्छ। ताकि सही समस्या सही उपचार होस्।

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण

नवीन लोचनमगर
रोल्पा

रोल्पामा डेंगु तथा अन्य किटजन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनसम्बन्धी जिल्लास्तरीय कार्ययोजना निर्माण गरिएको छ। जिल्लास्तरीय विपद व्यवस्थापन समितिको बिशौंवार लिवाहमा सम्पन्न बैठकमा स्वास्थ्य कार्यालयद्वारा पेश गरिएको थियो। उक्त कार्ययोजनामा आवश्यक छलफलसहित पारित गरिएको स्वास्थ्य कार्यालय प्रमुख विशाल सुवेदीले जानकारी दिए।

कार्ययोजनामा विभिन्न दौ बुँदा समावेश गरिएको छ। जसमा जिल्ला अस्पताल, स्थानीय स्वास्थ्य संस्था तथा निजी क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई डेंगुलगायत किटजन्य अन्य रोगहरुबारे अभिमुखीकरण गर्ने, जिल्लाका डेंगु उच्च जोखिम क्षेत्रहरुमा सरोकारवाला सबैको सहकार्यमा सचेतनामूलक कार्यक्रम गर्ने, स्थानीय तहको सहकार्य तथा समन्वयमा जिल्लाका मुख्य बजार क्षेत्रमा लामखुटे लार्भा खोजी र नष्ट गर्ने अभियान सञ्चालन गर्ने, विद्यालयमा शिक्षा तथा परामर्श कार्यक्रम लैजाने, दैनिकरुपमा सबै प्रयोगशाला तथा अस्पतालबाट विवरण संकलन गरी डेंगुको अवस्थाबारे प्रदेशमा प्रतिवेदन पठाउने, डेंगुलगायत किटजन्य रोगको लक्षण चिन्ह, बच्ने उपायबारेको सूचना सन्देश उत्पादन एवम् प्रचारप्रसार गर्ने, डेंगु प्रभावित व्यक्ति भेटिएमा खरेतीमा गएर प्रारम्भिक खोजपड्ताल तथा परामर्श गर्ने, जिल्लाका रोडियो तथा पत्रपत्रिकामा सचेतनामूलक प्रचारप्रसार गर्ने र अत्यावश्यक औषधी, उपकरण तथा सामाग्रीहरुको उपलब्धता निश्चित गर्ने लगायतका निर्णय गरिएको छ।

डेंगु स्क्रब टाइफस, औलो, कालाजारलगायत अन्य किटजन्य रोगहरुको अवस्था, प्रतिकारात्मक कार्य र रोकथामका विषयमा स्वास्थ्य कार्यालय प्रमुख विशाल सुवेदीले प्रस्तुति समेत गरेका थिए। प्रस्तुतिका क्रममा सुवेदीले नेपालका ७३ जिल्लामा डेंगु फैलिसकेको र यसले महामारीको रुप पनि लिनसक्ने भन्दै सबै सचेत हुनुपर्ने बताए। उनकाअनुसार विश्वका आधाभन्दा बढी जनसंख्या यो रोगको जोखिममा छन्। विश्वमा करिब ३९ करोड मानिस संक्रमित हुने र जसमध्ये २० हजार भन्दा बढी व्यक्तिको मृत्यु हुने गरेको तथ्यांक छ।

नेपालमा वि.सं. २०६१ सालमा चितवनमा डेंगुको पहिलो विरामी देखा परेको थियो। हालसम्म नेपालमा एकहजार चारसय ८३ जना संक्रमित रहेका छन्। प्रदेशस्तरमा हेर्दा सबैभन्दा धेरै बागमती प्रदेशमा ५०५ जना संक्रमित रहेका छन् भने लुम्बिनी प्रदेशमा १७१ जना डेंगु संक्रमित रहेको सुवेदीले बताए। रोल्पामा आर्थिक वर्ष २०८०/०८१ मा २२ जना डेंगु संक्रमित विरामी भेटिएका थिए। जसमा रोल्पा नगरपालिकामा १६, माडी गाउँपालिकामा ५ र रुन्टीगढी गाउँपालिकामा १ जना संक्रमित मानिस फेला परेका थिए।

विपद्सम्बन्धी पूर्वतयारी

जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले विभिन्न निर्णयहरु गरेको छ। प्रमुख जिल्ला अधिकारी विश्वबहादुर रायमाझीको अध्यक्षतामा बसेको बैठकले विपद्का कारण पीडित ३८ परिवारलाई संघीय सरकारबाट दिइएको आपतकालीन राहत रकम १२ लाख १५ हजार रुपैयाँ अनुमोदन गरेको छ। त्यस्तै प्रदेश सरकारबाट २९ घर परिवारलाई प्राप्त ११ लाख १५ हजार रुपैयाँ रकम पनि अनुमोदन गरेको छ। दूषित खानेपानीका कारण हुनसक्ने जोखिमलाई न्यूनीकरण गर्न विद्यालय तथा आम सर्वसाधारणमा सूचित गर्ने पनि निर्णय गरेको छ।

बैठकले सम्भावित महामारीलाई मध्यनजरलाई गर्दै द्रुत प्रतिकार्य टोली निर्माण गर्ने, डेंगुलगायत किटजन्य रोगको रोकथामका लागि निर्मित कार्ययोजना पारित गर्ने, सूचना प्रवाहलाई व्यापक बनाउने र एम्बुलेन्सहरुको रेकर्ड अद्यावधिक गर्ने, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना -२०८१ लाई अनुमोदन गर्नेलगायतका निर्णय गरिएका छन्। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाबारे सूचनाएफएफका कार्यक्रम अधिकृत केदार रानामगरले प्रस्तुति गरेका थिए। बर्षातको समय सुरु भएपछि विपद्को सम्भावित जोखिमबारे पूर्वतयारीलाई व्यवस्थित गर्नुपर्ने जिल्ला समन्वय समिति प्रमुख सीता आचार्यले बताइन्। उनले विपद् प्रतिकार्य योजनाले कार्यसम्पादनमा थप सहयोग पुऱ्याउने विश्वास व्यक्त गरिन्।

आगलागी पीडित व्यवसायीलाई सहयोग हस्तान्तरण

बुटवल। रूपन्देही व्यापार संघअन्तर्गतको कस्मेटिक तथा गिफ्ट वस्तुगत उप-समितिद्वारा सहयोग हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ। बुटवल ४ संगमपथ स्थित झवाली गिफ्ट पसलमा यही असार २१ गते राति आगलागी भई पूर्णरुपमा नष्ट भएकोले उप-समितिले सहयोग स्वरुप सहयोग रकम हस्तान्तरण गरेको हो।

संघको सचिवालयमा आयोजित सहयोग हस्तान्तरण कार्यक्रममा संघका अध्यक्ष दिपकप्रसाद अधिकारीले झवाली गिफ्ट पसलका प्रोप्राइटर रमेश झवालीलाई नगद रु.५०,०००/- हस्तान्तरण गरेका हुन्। सहयोग रकम हस्तान्तरण गर्दै अध्यक्ष अधिकारीले सम्पूर्ण व्यावसायीहरुलाई दुःख पर्दा संघले असल अभिभावकको भूमिका निर्वाह गर्दै जाने बताए। उनले संघले विगतदेखि नै व्यावसायीलाई संकट पर्दा सहयोग गर्दै आएको र यसलाई सदैव निरन्तरता दिँदै जाने जनाए।

संघमा आबद्ध कस्मेटिक तथा गिफ्ट व्यावसायीहरुसँगबाट उक्त रकम संकलन गरी सहयोग गरिएको कस्मेटिक तथा गिफ्ट वस्तुगत उपसमितिका संयोजक सरोज झवालीले जानकारी दिए। संघले विगतदेखि नै व्यावसायी कल्याण कोषको स्थापना गरेर सहयोग गर्दै आइरहेको छ।

सिद्धार्थनगर...

सिद्धार्थनगर नगरपालिकाले स्वास्थ्य कोष स्थापना गरेर जिल्लामै नमूना पालिकाको पहिचान बनाउन सफल भएको उनले बताए। स्वास्थ्यको क्षेत्रमा अन्य पालिकाले पनि सिको गर्ने खालका काम गर्न उनले सुझाव दिए।

पछिल्लो तथ्याङ्कअनुसार लुम्बिनी प्रदेश मातृ शिशु मृत्युदरमा अग्रस्थानमा छ। स्वास्थ्य कार्यालय प्रमुख ढकालले भने-"जिल्लागत रुपमा तुलना गर्दा रुपन्देही जिल्लाको मातृ मृत्युदर उच्च छ। यसको कारण रुपन्देही जिल्लामा टुला अस्पतालहरु रहेको र अन्य जिल्लाबाट समेत रिफरल केशहरु आउने हुँदा संख्या बढेको हुन सक्छ।"

सोही अवसरमा बोल्दै सामाजिक अभिवान्ता ज्ञानु पौडेलले मातृ शिशु मृत्युदर घटाउन अस्पतालमा गुणस्तरीय स्वास्थ्य सेवा दिनसक्नु पर्ने बताइन्। अस्पताल पुऱ्याने निर्णयमा ढिलाई हुनु, समयमा उचित यातायातको व्यवस्था नहुनु र अस्पताल पुगिसकेपछि पनि स्वास्थ्यसेवा गुणस्तर नहुनु मातृशिशु मृत्युका मुख्य कारण रहेकोले यि बुराहरुमा सचेतना जगाउनु पर्ने उनले जनाइन्।

लुम्बिनी प्रेस क्लबका अध्यक्ष सम्झना शर्माले सिद्धार्थनगरले सुचाङ्क पूरा गर्दै पूर्ण संस्थागत प्रसूति सेवायुक्त पालिका घोषणा हुनु नगरवासीका लागि मात्र नभई जिल्लाकै लागि सुखद भएको बताइन्। घोषणालाई प्रत्येक वर्ष सुनिश्चितता गर्न यसको कार्यान्वय प्रभावकारी बनाउन सुझाव उनले दिइन्।

स्वास्थ्य स्वयम्सेविका चित्रलेखा थापाले घरै सुविधामा पनि सेवाको भावले नागरिकको परमा स्वास्थ्य सेवा पुऱ्याउन पाउँदा आफूहरुमा खुशी छाएको बताइन्। आगामि दिनमा स्वयम्सेविकाको भूमिकालाई सरकारले उचित मूल्याङ्कन गर्ने आशा व्यक्त गरिन्।

नगरपालिकाधिप २५ प्रतिशतभन्दा बढी महिलाहरु दक्ष प्रसूति सेवा लिन सक्षम रहेको सुचाङ्कको आधारमा पालिका पूर्ण संस्थागत प्रसूति सेवायुक्त घोषणा भएको नगरपालिका स्वास्थ्य शाखा प्रमुख गीता न्यौपानेले जानकारी दिइन्। 'अन्य पाँच प्रतिशत कोही बाटोमै सुत्केरी भइ अस्पताल पुऱ्याइएको अवस्था हो।'-उनले भनिन्।

सो अवसरमा नगरपालिकाले सिद्धार्थनगरधिप्रका स्वास्थ्यसंस्थाहरु भीम अस्पताल भैरहवा, युनिभर्सल मेडिकल कलेज भैरहवा, ईन्द्रेणी ग्रामिण विकास केन्द्र,बडास्तरीय प्रजनन् स्वास्थ्य समितिहरुलगायत नगरलाई पूर्ण संस्थागत प्रसूति सेवायुक्त नगर घोषणा गर्न भूमिका खेल्ने सबैलाई सम्मान गरेको थियो।

दीर्घ विकासको लक्ष्य पूरा गर्ने नेपालले सन् २०३० सम्म देशलाई मातृ शिशु मृत्युदर लगभग शून्यमा झार्ने लक्ष्य राखेको छ। जसको सुरुवात पालिकाबाट गरिँदैछ। सन् २०१६ मा प्रत्येक एक लाख सुत्केरी महिलामध्ये ५ सय ३९ जनाले ज्यान गुमाउँथे। विभिन्न प्रयासका कारण यो संख्या हाल १ सय ५१ मा झरेको तथ्याङ्क छ।

पहिरोमा ज्यान गुमाएका परिवारलाई राहत

स्याङ्जा। जिल्ला प्रशासन कार्यालय स्याङ्जाले पहिरोमा परी मृत्यु भएका मृतकको परिवारलाई राहत रकम हस्तान्तरण गरेको छ। आँधीखोला गाउँपालिका र भीरकोट नगरपालिकामा पहिरोबाट ज्यान गुमाएका परिवारलाई राहत वितरण गरेको हो। बिरुवा गाउँपालिकामा पहिरोबाट निधन भएका परिवारलाई भने केही दिनमा राहत उपलब्ध गराइने जिल्ला प्रशासन कार्यालय स्याङ्जाले जनाएको छ। विपद् व्यवस्थापन समितिका संयोजक एवं सहायक प्रमुख जिल्ला अधिकारी दिपक पौडेलको नेतृत्वमा गएको टोलीले आँधीखोला गाउँपालिका ३ बिचारीचौतारा का तुलसीप्रसादका परिवार र भीरकोट ५ ज्यामिरेकी खेमकुमारी मल्लको परिवारलाई राहत रकम समेत उपलब्ध गराएको छ। सप्रजिअ पौडेलले गण्डकी प्रदेश सरकारद्वारा उपलब्ध भएको ५० हजार नगद तुलसीप्रसादका परिवारलाई हस्तान्तरण गरेका छन् भने खेमकुमकारी मल्लको परिवारलाई ८० हजार राहत वितरण गरेका हुन्।

स्याङ्जाको आँधीखोला गाउँपालिका ३ बिचारीचौतारका तुलसीप्रसाद पौडेलको २९ गते शनिबार आएको पहिराले बगाउँदा मृत्यु भएको थियो। ७२ वर्षीय मल्लको घर माथिबाट आएको पहिरोमा पुरिएर मृत्यु भएको थियो। पूर्णरुपमा घरगोठ गुमाएका मल्लका छोराबुहारीहरु अहिले आफ्ना दाजुभाईको घरमा बसेर काजकिरिया गरिरहेका छन्।

विपद्मा परी निधन भएकाको परिवारले पाउने रकम साढे दुई लाख मध्येबाट तत्कालका लागि उक्त रकम हस्तान्तरण गरिएको र बाँकी रकम परिवारले प्रक्रियागत रुपमा खाता खोलेपछि खातामा आउने सहायक प्रजिअ पौडेलले बताए। त्यस्तै नेपाल सरकारले घरमा पूर्ण क्षति भएकालाई नब्बे घर निर्माणको लागी विपद् व्यवस्थापन कार्यविधि निर्माण गरेर नगरपालिकाको सिफारिसमा किस्ताबन्दीमा अधिकतम ४ लाख सम्म दिने प्रावधान रहेको उनले बताए।

नेपाल रेडक्रस सोसाईटी स्याङ्जाको टोली पनि विपदमा ज्यान गुमाएका परिवारहरुको लागि राहत लिएर पुगिसकेको बताए। रेडक्रसका सभापति दिनेश अर्यालको नेतृत्वमा पुगेको टोलीले विभिन्न सामग्रीहरु सहयोग गर्दै आएको जानकारी दिए। स्याङ्जामा अहिलेसम्म बाढी पहिरोमा परेर १० जनाले ज्यान गुमाएका छन् भने ८जनी पाइते भएका छन्। असार २१ र २२ गते परेको अविरल वर्षाले जिल्लाका धेरै घरहरु पहिरोको जोखिममा रहेका छन्।

सञ्चार माध्यमको कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेम्रो पटक प्रकाशित मिति २०८१/०३/२८

राजकमल मिडिया प्रा.लि.का नाममा प्रकाशित/प्रशारित हुँदै आएकोमा कम्पनीको नाम परिवर्तन गरी सबल लुम्बिनी प्रा.लि. को नामबाट प्रकाशित/प्रसारित हुने जानकारी गराउँदछौं।

मोटरसाइकल हराएको सूचना

मेरो निम्न विवरण भएको मोटरसाइकल यही मिति २०८१/०२/३० गते सियारी गापा-५, दुर्गापुर आफ्नै निवासबाट अन्दाजी रातको १२ बजे हराएको हुँदा फेला पार्नुहुने माहानुभावले निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम: मनबहादुर पौडेल
ठेगाना: सियारी ५, रुपन्देही
मोटरसाइकल नं.: लु ४६ प १२७३(150cc पल्सर, काली)
इञ्जिन नं. : DHYRIC86756
चे.नं. : MD2A1CY8JFC00638
सम्पर्क नं.: ९८५७०२३४७३

शिक्षक आवश्यकता

सूचना प्रकाशित मिति २०८१/०३/२८

शिक्षा विकास तथा समन्वय इकाई रुपन्देहीको च.नं. २०२१ मिति २०८१/०३/२३ गतेको शिक्षक पदपूर्तिको लागि प्राप्त अनुमती पत्रानुसार यस श्री रूद्रपुर माध्यमिक विद्यालयमा रिक्त रहेको माध्यमिक तह तृतीय श्रेणी नेपाली विषयको अस्थायी करार शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले निम्न योग्यता पुगेको इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ।

- **विज्ञापन नं.** : ०६/०८०/०८१
- **पद:** माथि शिक्षक
- **विषय:** नेपाली
- **तेवा:** अस्थायी करार
- **संख्या:** १ जना
- **न्यूनतम शैक्षिक योग्यता:** नेपाली विषय लिइ स्नातक वा सो सरह उत्तीर्ण
- **तलब स्केल:** नेपाल सरकारको नियमानुसार
- **निवेदन दिने अन्तिम मिति:** २०८१/०४/०७ सोमबार दिउँसो ४:०० बजेसम्म
- **सम्पर्क मिति:** २०८१-०४-०७ गते दिउँसो ४:०० बजेपाँछ
- **परीक्षाको किसिम:** लिखित तथा अन्तरवार्ता
- **परीक्षा मिति:** सम्पर्क मितिमा तोकिने छ।
- **उमेर:** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
- **निवेदन दस्तुर:** १०००।-
- **आवश्यक कागजातहरु**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी - अध्यापन अनुमतिपत्रको प्रतिलिपी
- शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी र एसएलसी वा सो सरहभन्दा माथिका सबै

नोट करार सूचीमा सूचीकृत व्यक्ति आएमा निजलाई प्राथमिकता दिइने

-अन्य थप जानकारीको लागि विद्यालयमा वा निम्न नम्बरमा सम्पर्क राख्नुहोला।

श्री रूद्रपुर माध्यमिक विद्यालय
कञ्चन-४, रुपन्देही सम्पर्क नं. ९८६७३६१५३१, ९८४६९३०६३९, ९८४७२४७४१०

पाणिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

दुर्गाफाँट, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

हल्का सवारी (एम्बुलेन्स) चालक करारमा लिने सम्बन्धी सूचना ॥

सूचना प्रकाशित मितिः २०८१।०३।२८

यस पाणिनी गाउँकार्यपालिकाको कार्यालय अर्घाखाँचीको देहाय बमोजिम पदको लागि सेवा करारमा लिनुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र अर्थात मितिः २०८१।०४।०२ गते कार्यालय समय सम्ममा यस गाउँपालिका कार्यालयको प्रशासन शाखामा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फाराम, कार्य-विवरण, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेबसाईट www.paninimun.gov.np बाट उपलब्ध हुनेछ।

१.रिक्त पदको विवरण

क.सं.	विज्ञापन नं.	पद	संख्या
१	०३-२०८८८१	हल्का सवारी (एम्बुलेन्स) चालक	२(दुई)

२. आवश्यक न्युनतम शैक्षिक योग्यता र अनुभव;कम्तिमा आधारभूत तह उत्तिर्ण(कक्षा -०८) र हल्का सवारी चालक अनुमती पत्र प्राप्त गरेको हुनुपर्नेछ। स्थानीय र अनुभवीलाई प्राथमिकता दिईनेछ। मा.प.से सेवन नगर्ने हुनुपर्नेछ।

३. दरखास्त साथ संलग्न गर्नुपर्ने; उमेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि र हल्का सवारी चालक अनुमती पत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडी उमेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने।

४. उमेदवारको उमेर, दरखास्त फाराम पेश गर्ने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

५. करार अवधि; आ.व. २०८१ पुष मसान्त सम्म हुनेछ। कार्य कुशलताको आधारमा म्याद थप गर्दै लैजान सकिने छ।

६. उमेदवारको छनौट प्रक्रिया; स्लिप परीक्षण र अन्तर्वार्ता।

७. दरखास्त दस्तुर; रु.५००।-

८.अन्य कुराहरु पाणिनी गाउँपालिकाको एम्बुलेन्स सञ्चालन कार्यविधि २०७७ बमोजिम हुनेछ।

९.सेवा सुविधा; मासिक रु.१५०००/- हुनेछ। साथै प्रति ट्रिप थप १५ प्रतिशत ट्रिप भत्ता उपलब्ध गराईने छ। सो बाहेक अन्य थप सेवा सुविधा उपलब्ध गराईने छैन।

१०.स्लिप परीक्षण र अन्तर्वार्ता मितिः- २०८१।०४।०६ गते विहान ११:०० बजे देखि पाणिनी गाउँपालिकाको कार्यालय दुर्गाफाँट।

संयोजक
पदपूर्ती समिती

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुम्ट्रारा १० मिनेटमै सफेटी टंकीको रिङ खाली गरिने छ।

सम्पर्क:

सुपथ मूल्यमा काम गर्ने र गराउने हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढ्दी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्क:

तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५९८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मलीटोल, भैरहवा
मो.9847324755,9804406297

रूपन्देहीको मर्चवारपा अर्घौं डुङ्गाको सहारा । निर्माणधिन पूल सम्पन्न नभएपछि कोटहीमाई ५ दुङ्गेधोहान र कोल्हीमाई २ धुकरी गाउँका बासिन्दा डुङ्गाको सहारामा वारपार गर्ने गरेका छन् । तस्बिरः मोहम्मद हबिब /दैनिक लुम्बिनी

गुल्मी प्रशासनमा टोकन सिस्टम

गुल्मी । जिल्ला प्रशासन कार्यालय गुल्मीले सेवाग्राहीको सहजताका लागि विद्युतीय टोकन सिस्टम सुरु गरेको छ । सेवाग्राहीको भीड र लामो लाइन लगाएर बसुनुपर्ने अवस्थाको अन्त्य गर्नका लागि विद्युतीय टोकन सिस्टम सुरु गरेको जिल्ला प्रशासन कार्यालय गुल्मीले जनाएको हो ।

प्रशासनमा सेवाग्राहीको भीड लाग्ने र सेवा लिनका लागि तौछड्किनुपर्ने गर्दा भएकाले सहजताका लागि विद्युतीय टोकन सिस्टम सुरु गरेको प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माले जानकारी दिए ।

विद्युतीय टोकन सिस्टममा राहदानी, नागरिकता, राष्ट्रिय परिचयपत्र र राजस्वका लागि बैंक सेवाका टोकन लिन सकिने व्यवस्था गरिएको छ । सेवाग्राहीले लिएको टोकनको नम्बर अनुसार पालो आउने भएकाले सहज रुपमा सेवाग्राहीले सेवा लिने सक्ने र सुशासन पनि कायम हुने शर्माको दावी छ ।

प्रशासनमा सेवा लिन आउने सेवाग्राहीले अब विना झन्झट कसैको घनसुन नलगाई सेवा लिन सकिने व्यवस्था गरेकाले यसलाई सधैं कायम राख्न सेवाग्राहीहरुले प्रशासनलाई अग्रह गरेका छन् ।

दुई लाखभन्दा बढी मूल्य पर्ने विद्युतीय सिस्टमको टोकन मेसिन स्लोभेल आइएच बैंकले प्रशासनलाई सौजन्य गरेको जिल्ला प्रशासन कार्यालय गुल्मीका सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेले जानकारी दिए ।

विद्युतीय टोकन सिस्टम सुरु भएपछि प्रशासनबाट प्रदान गरिने सेवा प्रवाहमा थप टेवा पुग्ने उनले विश्वास व्यक्त गरे ।

स्वास्थ्यकर्मीलाई सम्मान

राधिका भुसाल

प्यूठान

मल्लरानी गाउँपालिका ३ भरपानी स्थित भरपानी स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीलाई कदर पत्रले सम्मान गरिएको छ । प्यूठानका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद अर्याल र मल्लरानी गाउँपालिकाका अध्यक्ष कृष्ण खड्काले बिहीबार स्वास्थ्यचौकीमै पुगेर कदर पत्रले सम्मान गरेका हुन् । सुत्केरीलाई स्वास्थ्यकर्मीले चौकेर पास्सम्म पुऱ्याएको भिडियोले सामाजिक सञ्जालमा निकै चर्चा बटुलेको थियो ।

भरपानी स्वास्थ्यचौकीमा आइतबार सुत्केरी भएकी ऐरावती गा.पा. ६ निवासी जीवा विकलाई सोमबार ट्रेकामा बोकेर उनको घरसम्म पुऱ्याउने ५ जना स्वास्थ्यकर्मीलाई सम्मान गरिएको प्रजिअ अर्यालले बताए । लगातारको वर्षातको कारण सडक अवरुद्ध भएकोले सुत्केरी बिकलाई स्वास्थ्यकर्मीहरुले करिब ३ किलोमिटरसम्म बोकेर सुरक्षितसाथ निजको घरसम्म पुऱ्याएका थिए । कदर पत्रद्वारा सम्मान हुनेहरुमा जनस्वास्थ्य निरीक्षक टुकाराम पोख्रेल, अहेव सुना के.सी, अनमी पार्वती पुन, ल्याब असिस्टेन्ट शान्ता पुन र कार्यालय सहयोगी नमा पौडेल रहेका छन् ।

अचानक उनीहरुके स्वास्थ्य चौकीमा पुगेर सम्मान गर्दा ति स्वास्थ्यकर्मी साथीहरु निकै खुशी हुनुका साथै भावुक समेत बनेको प्रमुख जिल्ला अधिकारी अर्यालले बताए । 'स्वास्थ्यकर्मीहरुको उच्च मनोबलसहित थप सेवाग्राही मैत्री ढंगले सेवा प्रदान गर्न हौसलाका लागि कदर पत्र प्रदान गरेका हौं,' प्रजिअ अर्यालले भने-'जिप्तको समग्रमा हा प्रकारको सामना गर्न कर्मचारीहरुले अतिरिक्त सेवा प्रदान पनि गर्नु पर्छ भन्ने सन्देश दिएका छन् । यो एकमै अनुकरणीय काम भएकोले उहाँहरुलाई स्वास्थ्यचौकी मै पुगि सम्मान गरेका हौं ।' सर्वसाधारण जनतालाई अफ्ठ्यारो पारेको परिस्थितमा कर्मचारीले सहयोग गर्न तत्पर हुनुपर्छ भन्ने उदाहरणीय कार्य भएको उनले जनाए । प्यूठान जिल्ला आफूलाई जानकारी भएअनुसार यो सम्मान पहिलो रहेको समेत उनले बताए ।

ति सुत्केरी महिला ३ वर्ष नाबालक छोरा र बुढी आमाको साथ आइतबार राती १० बजे स्वास्थ्य संस्थामा छिरीलाई जन्म दिएकी थिइन । उनको श्रीमान रोजगारीका लागि भारतमा रहेको हुँदा आमासँग माइतीमा बसी आएकी पारिवारिक श्रोतले जनाएकी छ ।

क्याननमा लैंगिक सचेतना

बुटवल । बुटवल उपमहानगरपालिका बडा नम्बर ८ मा रहेको क्यानन माध्यमिक विद्यालयमा विद्यार्थीहरुलाई लैंगिक सचेतना प्रदान गरिएको छ ।

एक कार्यक्रमका बीच यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय, समुदायका व्यक्ति तथा व्यक्तिलाई गरिने व्यवहार र यसको परिवर्तनका लागि हुने गतिविधिको बारेमा सचेतना प्रदान गरिएको हो ।

निजहित संयाजले आयोजना गरेको सचेतना कार्यक्रममा साहासी कदम नेपालका रेन्वो बुध लिडर एण एटर्धाकेसी अफिसर रीज मगरले प्रस्तुतिकरण राखेकी थिइन ।

विद्यालयका प्राचार्य शंकर भण्डारीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्लस टु विज्ञान संकाय संयोजक कमल गौतम, पाँचि संयोजक सुरेश पिमिरे, मिनराज पिपिलगायतले बोलेका थिए ।

कार्यक्रममा कक्षा ९ र १० का २ सय विद्यार्थी सहभागी थिए ।

क्याननमा प्ले ग्राउन्डदेखि कक्षा १२ सम्म १२ सयभन्दा धेरै विद्यार्थी अध्ययनरत रहेका छन् ।

कारबाही गर्न माग

भैरहवा । राष्ट्रिय युवा संघ, नेपाल रूपन्देही जिल्ला कमिटीले बुटवल उपमहानगरपालिका-७ निवासी संघका पूर्व जिल्ला कमिटी सदस्य रवि थापा मगरको हत्यामा संलग्न दोषीलाई कारबाही गर्न माग गरेको छ ।

संघले बिहीबार रूपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालसहित ज्ञापनपत्र बुझाउँदै यस्तो माग गरेको छ । संघका रूपन्देही जिल्ला अध्यक्ष विकास बरनेतका अनुसार २०८१ जेठ २ गते बुधबार सौंझ कालिकानगरस्थित एक रेष्टुरेण्टमा कार्यरत रविलाई रेष्टुरेण्टमा आएका व्यक्तिले छुरा प्रहार गरी घाइते बनाएका थिए ।

घाइते भएका रविको उपचारको क्रममा असार १८ गते बिहान निधन भएको थियो । संगठनकोतर्फबाट इलाका कार्यालय, बुटवलस्तरीयसहित सरोकारवाला पक्षसँग निरन्तर समग्रमा गरिएको अनुरोधका बावजुद हालसम्म उनीहरु पक्राउ नपर्नु विषयले आफूहरुलाई अत्यन्तै चिन्तित बनाएको अध्यक्ष बरनेतले बताए ।

घटनाको अनुसन्धानमार्फत अपराधीहरुलाई सजाय दिने क्रममा भएको ढिलासुस्ती र लापरवाहीप्रति गम्भीर आशंकित प्रकट गर्दै उक्त जघन्य अपराधमा संलग्न व्यक्तिहरुलाई यथाशिघ्र पक्राउ गरी कानूनसिहित आवश्यक कानूनी कारवाही गर्न उनले माग गरे ।

रूपन्देहीको शान्ति सुरक्षामा समेत गम्भिर प्रश्नचिन्ह खडा गरेको उक्त घटनामा संलग्न व्यक्तिहरुलाई यथाशिघ्र कानूनी कठघरामा ल्याउने काम नभएको खण्डमा प्रशासन कार्यालयमा धर्ना दिने, सरकारी नम्बर प्लेटका सवारीसाधनहरुको आवतजावतमा रोक लगाउने, रौंके जुलुस प्रदर्शन गर्ने, बन्द हडतालमा गर्नेलगायत चरणबद्ध विरोधका कार्यक्रमहरुको आयोजना गर्ने उनले चेतावनी दिए ।

राष्ट्रिय युवा संघ, नेपाल केन्द्रिय सचिवालय सदस्य तथा लुम्बिनी प्रदेश इन्चार्ज केशव रोकाले विगतका घटनाहरुले अपराधी समयमै पक्राउ नपर्दा अर्को घटना घटाउन सक्ने परिस्थिति खडा हुन सक्नेतर्फ प्रशासन सचेत हुनुपर्ने बताए ।

नेकपा (एमाले) रूपन्देही जिल्ला सदस्य तथा बुटवल उपाहनगरपालिका वडा नम्बर ११ का वडा सदस्य नकुल शाही ठकुरीले घटनालाई गम्भीरतापूर्वक लिन र पीडितलाई छिटोभन्दा छिटो न्याय दिन आग्रह गरे ।

ज्ञापनपत्र बुझेपछि प्रमुख जिल्ला अधिकारी अर्यालले घटनाको आगामी दिनमा घटनाचारे फेरी के भयो भने प्रश्न गर्ने ठाउँ नदिने प्रतिवद्धता व्यक्त गरे । उनले सूचना दिएर अनुसन्धान कार्यमा आवश्यक सहयोग गर्न आग्रह गरे ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्

सम्पर्क:

आइडिया डिजाइनर्स/अफसेट प्रेस

बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)

यातायात मजदूर संघको भवनमा

फोन:-०७१-५५०२९३

मो.९८५७०३५३८०,९८४७१२३९५७

E-mail:ideaprsbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिज सफा गर्नु पेरमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५

शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३

गगन सेनेटरी (२) ९८०४४१३१८७, ९८१९९८६३१७

रियुस सेनेटरी ९८११४१८७३०

रेसुज्ञ सेनेटरी/रेसुज्ञ वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल

आले डेण्टल हस्पिटल प्रा. लि.

प्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुडकीचोक देखि ५० मिटर पूर्व)

071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com

दाँत, मुख तथा गिजा उपचार केन्द्र

"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाईं, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइटः www.lumbinipatrika.com